नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
(शहरी पूर्वाधार विकास शाखा)

फोन नं. ४२६२३६५
४२६२४६६
४२६२३६७
४२६२९४५
४२६२९८४
फ्याक्स नं. ९७७-१-४२६२४३९

बबरमहल
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ०८३/८४
च.नं. :- ०९

मिति: २०८३/०६/१५

विषय :- सघन शहरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ सम्बन्धमा ।

श्री संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, सबै।
श्री सघन शहरी तथा भवन निर्माण आयोजना, सबै।

प्रस्तुत विषयमा श्री पूर्वाधार विकास मन्त्रालय(मा. मन्त्रीस्तर)को मिति २०८३।०६।१५ को निर्णयबाट स्वीकृत सघन शहरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ कार्यान्वयनको लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

.....
(अर्जुन महतो कुशवाहा)
ईन्जिनियर

सघन शहरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

(मिति २०८३।०६।१५ को मा. मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत)

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं।

सघन शहरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

स्वीकृत मिति : २०८३।०६।१५

प्रस्तावना : शहरहरूलाई पूर्वाधारयुक्त र व्यवस्थित बनाउने राष्ट्रिय शहरी नीति तथा राष्ट्रिय शहरी रणनीति अनुरुप तराई-मधेसका १८ जिल्ला सदरमुकामकामा शुरु भई पछि २० नगरपालिकामा विस्तार भएको र क्रमिक रूपमा स-साना कार्यक्रमको रूपमा अन्य नगरपालिकामा समेत सञ्चालन हुँदै आएर शहरी सेवा प्रवाह, आर्थिक गतिविधि, वातावरणीय सुधार तथा जनजीवनमा सकारात्मक प्रभाव परेको यस कार्यक्रमलाई एकीकृत शहरी पूर्वाधारको विकासको अवधारणामा आयोजनाहरूको पहिचान, प्राथमिकीकरण, छनौट, कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन, हस्तान्तरण तथा सञ्चालन र मर्मत सम्भार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "सघन शहरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "आयोजना" भन्नाले सघन शहरी विकास कार्यक्रम अन्तर्गत पूर्वाधार विकास गर्न सञ्चालन हुने विकास सम्बन्धी क्रियाकलाप सम्झनु पर्छ ।

(ख) "आयोजना कार्यान्वयन तत्परता" भन्नाले आयोजना कार्यान्वयनका लागि आवश्यक आयोजना प्रतिवेदन, जग्गा उपलब्धता, वातावरणीय अध्ययन, साईट क्लियरेन्स, आवश्यक स्वीकृतिहरू तथा अन्य पूर्वतयारी पूरा भएको अवस्था सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत रहेका कार्यालयहरू/आयोजनाहरू सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले सघन शहरी विकास कार्यक्रम सम्झनु पर्छ।

(ङ) "नगरको विशिष्ट पहिचान" भन्नाले कुनै स्थानीय तहको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, व्यापारिक, औद्योगिक, उत्पादन, वातावरणीय वा अन्य विशेषतामा आधारित विकासको पहिचान तथा सोही पहिचान, तुलनात्मक लाभ र

दीर्घकालीन विकास सम्भावनालाई आधार मानी कुनै निश्चित क्षेत्र वा विषयमा केन्द्रित विकास अवधारणा सम्झनु पर्छ।

(च) "शहरी पूर्वाधार" भन्नाले शहरी सेवा प्रवाह, आर्थिक गतिविधि, तथा सार्वजनिक उपयोगका लागि रणनीतिक रूपमा निर्माण गरिने वातावरणीय सुधार, आर्थिक पूर्वाधार, सामाजिक सांस्कृतिक पूर्वाधार, शासकीय पूर्वाधार तथा शहरी सडक, नाला, फुटपाथ लगायतको भौतिक संरचना तथा सुविधाहरू सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

(ज) "आयोजना प्रतिवेदन" भन्नाले आयोजना कार्यान्वयनका लागि आवश्यक सर्वेक्षण, डिजाइन, ड्रइङ, लागत अनुमान, प्राविधिक स्पेसिफिकेशन, आवश्यक वातावरणीय तथा सामाजिक अध्ययन लगायतका विवरण समेटिएको प्रतिवेदन सम्झनु पर्छ।

(झ) "विभाग" भन्नाले नेपाल सरकारको शहरी विकास तथा भवन निर्माण विभाग सम्झनु पर्छ ।

(ञ) "सञ्चालन तथा मर्मत सम्भार" भन्नाले आयोजना सम्पन्न तथा हस्तान्तरण पश्चात् सम्बन्धित सरोकारवालाले सोको उद्देश्य अनुरुप नियमित सञ्चालन, संरक्षण, मर्मत तथा व्यवस्थापन गर्ने कार्य सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

परिच्छेद- २

कार्यक्रम कार्यान्वयनको उद्देश्यहरू

३. **कार्यक्रमको उद्देश्य:** शहरी क्षेत्रमा अत्यावश्यक पूर्वाधार तथा सुविधाहरू विकास गर्नुका साथै नगरको विशिष्ट पहिचान, आर्थिक तथा सामाजिक विकास, शहरी सेवा प्रवाह सुदृढीकरण तथा दिगो सञ्चालन व्यवस्थापनलाई प्रवर्द्धन गर्नु रहेको छ।

४. **कार्यक्रम कार्यान्वयनका सिद्धान्त** :

(१) स्थानीय आवश्यकतामा आधारित,

(२) स्थलीय योजना निर्देशित,

(३) सहभागितात्मक र समावेशी विकास,

(४) उत्थानशील, पर्यावरणीय दिगोपना तथा परिणाममुखी,

(५) एकीकृत तथा विषयगत शहरी पूर्वाधार विकास,

(६) रणनैतिक शहरी पूर्वाधारको निर्माण,

(७) सञ्चालन तथा मर्मत सम्भार सुनिश्चितता ।

५. **<u>कार्यक्रम कार्यान्वयनका आधार</u>** : कार्यक्रम अन्तर्गत आयोजना पहिचान, छनौट तथा कार्यान्वयन गर्दा नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेट बक्तव्य एवम् राष्ट्रिय शहरी नीति, राष्ट्रिय शहरी विकास रणनीति, सम्बन्धित स्थानीय तहको आवधिक योजना, नगर विकास योजना, भू-उपयोग योजना तथा अन्य स्वीकृत क्षेत्रगत योजनासँग तालमेल हुने गरी शहरी सेवा प्रवाहमा सुधार, स्थानीय तहको विशिष्ट पहिचान, आर्थिक तथा सामाजिक विकास, जलवायु उत्थानशीलता तथा दिगो शहरी विकासलाई आधार मानिनेछ।

परिच्छेद- ३

<u>आयोजना पहिचान, प्राथमिकीकरण र छनौट</u>

६. **<u>आयोजनाको पहिचान</u>**: (१) आयोजनाको पहिचान गर्दा देहायका विषयलाई आधारको रूपमा लिन सकिनेछ ।

(क) नगरको विशिष्ट पहिचान, तुलनात्मक लाभमा आधारित विकास अवधारणालाई प्रवर्द्धन गर्ने आयोजनाहरू,

(ख) शहर तथा बसोबास क्षेत्रको सेवा केन्द्र तथा आर्थिक केन्द्रको एकीकृत पूर्वाधार सम्बन्धी आयोजनाहरू,

(ग) शहरी सेवा प्रवाह, आर्थिक, सामाजिक तथा पर्यटकीय उन्नयनमा प्रत्यक्ष योगदान पुऱ्याउने रणनीतिक शहरी पूर्वाधार आयोजनाहरू,

(घ) फोहोरमैला व्यवस्थापन/ सरसफाई पूर्वाधार तथा प्रणालीहरूको प्रभावकारी व्यवस्थापन तथा सेवा प्रवाहमा सहयोग पुग्ने आयोजनाहरू,

(ङ) स्थानीय तहको एकीकृत शहरी विकास आयोजना, आवधिक योजना, नगर विकास योजना, ग्रामीण/ नगर यातायात गुरूयोजना तथा अन्य स्वीकृत योजनामा प्राथमिकतामा परेका आयोजनाहरू,

(च) विभाग अन्तर्गत सञ्चालित पूर्वाधार आयोजनाबाट निर्माण भएका संरचनाको पूर्णता वा त्यस्ता संरचनाबाट सेवा प्रवाह सुनिश्चित गर्न थप पूर्वाधार आवश्यक भएका आयोजनाहरू,

(२) कार्यालयले उपदफा (१) बमोजिमका आधारहरू उल्लेख गरी सम्बन्धित स्थानीय तहसँग आयोजनाहरूको सूची माग गर्न सक्नेछ ।

(३) कार्यालयले आयोजना पहिचान गर्दा संघीय तथा स्थानीय तहसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

७. **<u>आयोजनाको प्राथमिकीकरण</u>**: दफा ६ बमोजिम पहिचान भएका आयोजनाहरूबाट कार्यालयले आयोजनाको प्राथमिकीकरण गर्दा देहायका विषयलाई आधारको रूपमा लिन सक्नेछ ।

(क) शहरीको मुख्य बजार केन्द्रका सडकहरूमा फुटपाथ निर्माण तथा स्तरोन्नति र सोसँग सम्बन्धित नाला तथा अन्य आवश्यक पूर्वाधार निर्माण कार्यहरू,

(ख) उपरोक्त सडकहरूमा हरियाली पकेट पार्क, सडक बत्ती, सडक फर्निचर लगायतका सौन्दर्यीकरण तथा सडक सुरक्षा सम्बन्धी कार्यहरू,

(ग) पर्यटकीय तथा सम्पदा क्षेत्रका सडकहरूलाई पैदलमैत्री बनाउने तथा त्यस्ता क्षेत्रको सार्वजनिक स्थान र पहुँच सुधार गर्ने कार्यहरू,

(घ) विभागबाट पूर्व लगानी भएका आयोजनाको पूर्णता वा त्यस्ता आयोजनाबाट सेवा सञ्चालनका लागि थप कार्य गर्न आवश्यक भएका आयोजनाहरू,

(ङ) नदी तथा जलाधार संरक्षण, वर्षाको पानी व्यवस्थापन, भू-जल पुनर्भरण (ग्राउन्डवाटर रिचार्ज), शहरी हरियाली तथा सार्वजनिक खुला क्षेत्र विकास, फोहोरमैला तथा सरसफाइ व्यवस्थापन लगायत वातावरणीय सुधारमा योगदान पुऱ्याउने,

(च) सार्वजनिक निकायबाट सञ्चालित योजनावद्ध आवास तथा बस्ती विकास योजना कार्यान्वयन भएको क्षेत्रमा पूर्वाधार निर्माण वा योजनावद्ध आवास तथा बस्ती विकास प्रवर्द्धनमा सहयोग पुऱ्याउने निर्माण कार्यहरू,

(छ) आयोजना कार्यान्वयन तत्परताः जस अन्तर्गत प्रारम्भिक अवधारणा वा आयोजना प्रतिवेदन तयार भएको वा तयारीको क्रममा रहेको, आवश्यक जग्गा उपलब्ध वा सुनिश्चित भएको, आवश्यक वातावरणीय अध्ययन भएको वा भइरहेको, साइट क्लियरेन्स प्राप्त भएको तथा अन्य आवश्यक पूर्वतयारी भएको कार्यहरू,

(ज) अन्य सरकारी निकाय वा कार्यक्रमबाट समान प्रकृतिको आयोजना सञ्चालनमा नरहेको वा प्रस्तावित नरहेको तथा दोहोरोपना नहुने सुनिश्चितता भएको कार्यहरू,

(झ) आयोजना सम्पन्न पश्चात, हस्तान्तरण, सञ्चालन तथा मर्मतसम्भारका लागि सम्बन्धित निकायबाट आवश्यक प्रतिबद्धता प्राप्त भएको कार्यहरू,

८. **<u>आयोजना छनौटका आधार</u>**: कार्यालयले दफा ६ बमोजिम पहिचान गरेका आयोजनाहरू मध्ये अनुसूची-१ बमोजिमको एकीकृत शहरी पूर्वाधारमा बजेट बाँडफाँडका आधार र दफा ७ बमोजिमको प्राथमिकता क्रमबाट निर्धारण भएको सूची तयार गरी आयोजनाहरूको अन्तिम

छनौटको लागि विभागमा पठाउन पर्नेछ र विभागको सिफारिसमा मन्त्रालयको सहमति पश्चात् मात्रै कार्यान्वयन गर्नु पर्नेछ।

परिच्छेद- ४

आयोजना सहजिकरण समिति

९. **आयोजना सहजिकरण समिति** :

(१) आयोजनाको कार्यान्वयनमा समन्वय र व्यवस्थापनका लागि स्थानीय स्तरमा देहाय बमोजिमको आयोजना सहजीकरण समिति रहनेछ:

(क)	सम्बन्धित स्थानीय तहको प्रमुख	- संयोजक
(ख)	कार्यालयको प्रमुख	- सदस्य
(ग)	सम्बन्धित स्थानीय तहको प्रमुखले तोकेको इञ्जिनियर	- सदस्य
(घ)	कार्यालयको प्रमुखले तोकेको इञ्जिनियर	- सदस्य सचिव

**समितिले आवश्यकता अनुसार सम्बन्धित सरोकारवालासँग समन्वय गर्न वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ* ।

(२) बैठक सम्बन्धी कार्यविधि:

(क) समितिको बैठक संयोजकले कार्यालयसँग समन्वय गरी तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(ख) यस समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार:

(क) निर्माण स्थलको उपलब्धता तथा साईट क्लियरेन्सको लागि समन्वय र सहजीकरण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका क्रममा सडक क्षेत्राधिकार भित्र आएका बाधा-अड्चन, जनगुनासो/ स्थानीय समस्या समाधान, स्थानीय निर्माण सामाग्रीको उपलब्धता तथा आयोजना हस्तान्तरणमा समन्वय र सहजीकरण गर्ने,

(ग) निर्माण कार्यको प्रगतिको अनुगमन गर्ने ।

परिच्छेद- ५

विविध

१०. **अनुगमन, मूल्यांकन र अभिलेखिकरण** :

(१) कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्या तथा कार्यक्रमको प्रगतिबारे मन्त्रालय र विभागले नियमित रूपमा प्रभावकारी ढङ्गले अनुगमन तथा मूल्यांकन गर्नेछन्।

(२) निर्मित संरचनाको स्थानिक अवस्थिति भौगोलिक निर्देशाङ्क (कोअडिनेन्टस्) सहित वार्षिक समीक्षा प्रतिवेदन तथा उक्त प्रतिवेदनको डिजिटल डाटाबेस तयार गरी विभागमा समेत अभिलेखिकरण गराउने जिम्मेवारी कार्यालयको प्रमुखको हुनेछ।

(३) आयोजना सञ्चालन अगावैको तस्वीरहरू तथा निर्माण भइसके पश्चात्को तस्वीरहरू कार्यालयले अनिवार्य रूपमा अभिलेखीकरण गर्नुपर्नेछ।

११. **विविध**:

(१) कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछन्।

(२) यस कार्यविधि र प्रचलित कानूनमा लेखिएका विषय बाझिएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) कार्यविधिको कार्यान्वयनका क्रममा अस्पष्टता उत्पन्न भएमा सोको समाधानका लागि विभागले प्रचलित कानूनको अधीनमा रही आवश्यक व्यवस्था गर्न सक्नेछ।

अनुसूची- १

(दफा ८ सँग सम्बन्धित)

क्र.सं.	एकीकृत शहरी पूर्वाधार आयोजना छनौटको आधार	बजेट विभाजन (प्रतिशत)
१.	शहरी भौतिक पूर्वाधारहरू (सडक, सडक नाला, फुटपाथ, सडक बत्ती, चोक सुधार, वर्षाजन्य पानी निकास, युटिलिटि लगायत सडक सुरक्षा र सौन्दर्यीकरण सम्बन्धी अन्य अवयवहरू) तथा सार्वजनिक निकायबाट सञ्चालित आवास तथा जग्गा विकास आयोजनाको मुख्य पूर्वाधारहरू	४०-६०
२.	शहरी वातावरणीय सुधार पूर्वाधारहरू (पोखरी/ताल संरक्षण, जल पुनर्भरण तथा स्तरोन्नति, फोहोरमैला तथा सरसफाई व्यवस्थापन सम्बन्धी पूर्वाधारहरू, आदि) र सो पूर्वाधारहरूको पहुँच मार्ग/प्रभावित क्षेत्रको पूर्वाधार साथै सामाजिक सामुदायिक पूर्वाधारहरू (हरियाली पार्क, पकेट पार्क, खेल मैदान, पाटी पौवा, सत्तल, चोक चौतारा, घाट, परम्परागत ईनार, कुवा, ढुंगेधारा संरक्षण)	२०-३०
३.	आर्थिक आयआर्जन सम्बन्धी पूर्वाधारहरू (बसपार्क, पार्किङ्ग स्थल, हाटबजार, स्थानीय उत्पादन प्रदर्शन केन्द्र, आदि)	२०-३०
जम्मा		१००

<u>द्रष्टव्य</u> :

(क) कुल लागत रु.१५ करोड भन्दा कम हुने आयोजनाहरूमा आवश्यकतानुसार कार्यालयले आयोजना छनौट गर्न सक्नेछ र अभिलेखीकरणको लागि विभागमा पठाउनेछ ।

(ख) खण्ड (क) बमोजिम कार्यान्वयन गरिने आयोजनाको लागि विभागको सहमति आवश्यक पर्ने छैन ।

(ग) अन्य निकायसँग दोहोरो नपर्ने गरी आयोजना छनौट गर्नु पर्नेछ ।

(घ) यस कार्यक्रमबाट निम्न बमोजिमका योजनाहरू छनौट गर्न पाइने छैन ।

(१) कुनै पनि आधारमा बढीमा ५ वटा भन्दा बढी उप-आयोजना/ सडक खण्डहरू,

(२) कभर्ड हल, सभाहल, पार्किङ्ग प्रयोजन बाहेकको बसपार्क टर्मिनल भवन, भ्यु टावर, चिस्यान केन्द्र, आदि,

(३) चलन चल्तीका बाटो बाहेक नयाँ ट्रयाक खोल्ने सडकहरू।